# पूर्ण वान्तवा र उनको काव्यलेखन प्रवृत्तिः एक चर्चा

**कुशल घिमिरे**
सह. प्राध्यापक, नेपाली विभाग, साउथफिल्ड महाविद्यालय, दार्जिलिङ

**सारांश**

साहित्य लेखन निरन्तर प्रक्रिया हो। बदलिँदो सामाजिक अवस्था, प्राकृतिक परिवेशको प्रभाव साहित्य सृजनाका माध्यमबाट अभिव्यक्त भइरहन्छ। आजको युग भुमण्डलीकरणले व्याप्त छ, यसको प्रभावबाट साहित्य अक्षुण्ण रहँदैन। यसैले साहित्य विभिन्न वाद र सिद्धान्तहरूले जेलिएको छ। तर साहित्यको उद्देश्य वाद र सिद्धान्तमा कँजिएर आफ्नो कलात्मक सौष्ठव गुमाउनु भने पट्टकै होइन्। यद्यपि साहित्यलाई जोख्ने मानदण्डका रूपमा स्थापित यी मान्यताहरूलाई नकार्न भने सकिँदैन। यी विविध कसीलाई लिएर मानिसको मथिङ्गल जटिलतातिर लम्किरहेको छ।

आजको युग समाजिक सञ्जालको युग हो। यसले अनेक प्रकारका विषय (कन्टेन्ट) दिएर मानिसको मस्तिष्कलाई जेलाएको छ। कुनै समय गाउँ-बस्तीलाई सरल मान्छेहरूको उपस्थिति भएको ठाउँ अनि सरल साहित्य लेखनको स्रोत मान्न सकिन्थ्यो। तर आज सञ्जालको प्रकोप गाउँ-बस्तीमा तैछाड-मैछाड गर्दै पसिसकेको छ। यसको प्रत्यक्ष प्रकोप साहित्यमा देखा परिरहेको छ।

विश्वका राजनीतिक, अर्थनीतिक, सामारिक, पारिवेशिक चलखेलसित गाउँ बस्ती परिचित छन् । उत्तरउपनिवेशकालपछि सांस्कृतिक विमर्श, दलित विमर्श, किनारीकृत पर्यावरण लेखन जस्ता धारणा चर्चाको विषय बनेको पाइन्छ। यी विविध धारणाबाट नेपाली साहित्य अक्षुण्ण छैनन्। भारतेली नेपाली साहित्यलाई जोख्ने हो भने मात्रा पनि साहित्यमा आयामिक लेखन, लीला लेखन, सङ्क्रमण लेखन, विचलन लेखन, किनारा विमर्श, हस्तक्षेप, समावेशी, उत्तर लीलालेखन आदि जस्ता विभिन्न वाद र अभियानहरू देखा परेको पाइन्छ। यी मंथिगल मन्थन र होडमा रहेका साहित्य लेखनबाट निर्लिप्त र तटस्थ रही तरलताका प्रवाहमा एकनासले बग्ने सरल साहित्यकारका रूपमा परिचित साहित्यकार पूर्ण बान्तवा आफै पूर्ण छन् ।

## पूर्ण बान्तवाको व्यक्तिगत परिचय

पूर्ण बान्तवा स्व० रामधोज बान्तवा अनि धनु बान्तवाको कोखमा १९४६ मा नागरी चियाबारीमा जन्मेका हुन्। आफ्ना काका-काकी (स्व० डी० बी० बान्तवा एवम् स्व० गौमती बान्तवा)- को घर मिरिक बस्तीमा बसेर शिक्षा आर्जनका गरे, उनले १९६५ मा मिरिक उच्चतर माध्यमिक विधालयबाट स्कूल फाइनल उत्तीर्ण गरेका हुन्। स्कूल फाइनल गरेपश्चात् मिरिक बस्ती डाँडा गाउँमा अवस्थित लक्ष्मी मेमोरियल प्राथमिक पाठशालामा संस्थापक शिक्षक बने उक्त स्कूलमा एक वर्ष भोलेन्टियर शिक्षकको रूपमा कार्य गरेपछि स्कूल पञ्जिकृत बनेको हो । बान्तवाले लक्ष्मी प्राथमिक पाठशालामा १८ वर्ष शिक्षण सेवा पुऱ्याएपछि १९८४ मा लेप्चा प्राथमिक पाठशालामा प्रधानाचार्य बन्न पुगे सोही स्कूलबाट सन् २००८ मा अवकाशग्रहण गरेका हुन्। मिरिक वस्तीलाई कर्मथलो बनाएका बान्तवाले मिरिक बस्ती मोक्तान गाउँ निवासी सञ्चमाया तामङसँग विवाह गरे। उनीहरूबाट दुईजना छोरा सरोज बान्तवा अनि सुशील बान्तवा छन्।

**सामाजिक कर्म**

सामाजिक सरोकार र परोपकारी कार्यहरूमा सधैँ अग्रिम पङ्क्तिमा रहने पूर्ण बान्तवाले केही अग्रजहरूसित मिलेर दुईवटा प्राथमिक पाठशालाको स्थापना गरे। लक्ष्मी मेमोरियल प्राथमिक पाठशाला र लेप्चा गाउँ प्राथमिक पाठशाला उनको सामाजिक देन हो। केही समय अवैतनिक शिक्षकका रूपमा दिएको उनको योगदानलाई उल्लेखनीय मान्नै पर्छ। मिरिक ब्लक अन्तर्गत (हाल मिरिक सब डिविजन) मा पर्ने डुप्टिन ग्राम पञ्चायत कार्यलयमा पञ्चायत प्रधानका रूपमा बान्तवाले १७ वर्ष सेवा पुऱ्याएको पाइन्छ। उनको सेवाकाल १९८३ देखि २००० सालसम्म रहेको देखिन्छ। उनले विभिन्न सङ्घ संस्थानहरूको स्थापनाका गरे साथै यी संस्थाहरूमा यिनी अध्यक्ष एवम् सचिवका पदमा रही सेवा पुऱ्याए। यसअतिरिक्त यिनी पर्यावरण क्षेत्रका गैर सरकारी संस्थान् **वृक्षबन्धु मञ्च** मिरिकका उपाध्यक्ष पदमा थिए। **नेपाली साहित्य सृजना संस्थान्, मिरिकका सदस्य र साहित्य सुनौं परिवार**-का उपाध्यक्ष पदमा रहेको देखिन्छ। यिनी रेडक्रस सोसाइटी मिरिकका आजीवन सदस्य रही धैरै सेवा पुऱ्याएको देखिन्छ। यसका साथै बान्तवाको आध्यात्मिक क्षेत्रमा पनि उत्तिकै सक्रिय रहेको देखिन्छ। यिनी **शिवमुक्तमणि पन्थ**का अनुयायी भइकन केही समयसम्म वैरागी गुरुका पदमा आसिन रहेको देखिन्छ। सन् २००२ देखि महन्तको पदमा रही विभिन्न धार्मिक कर्मकाण्ड र क्रियाकलापहरूमा सधैँ अग्रसर रहेको देखिन्छ।

**साहित्यकारका रूपमा पूर्ण बान्तवा**

भाषा साहित्य अध्ययनलाई आफ्नो साधना मान्ने बान्तवाले सानैदेखि साहित्य लेखनमा पनि चासो राखेको पाइन्छ। बान्तवाले १९७०-७१मा नेपाली साहित्य सम्मेलद्वारा प्रकाशित साहित्यिक पत्रिका "दियालो"-मा "घमाइलो होस् तिम्रा आउने दिनहरू" कथा प्रकाशित गरेर आफ्नो साहित्यिक यात्रा शुरू गरेको पाइन्छ। यसबाहेक **पश्चिम बङ्गाल, दीयो, दियालो, गोर्खा, सैनिक समाचार, चिमल, आशिष, सुनगाभा, कान्तिपूर, आजभोलि, सुनचरी, सगरमाथा, हाम्रो डुप्टिन** तथा अन्यान्य पत्रपत्रिकाहरूमा कविता, कथा, गीत, संस्मरण, लेखादि प्रकाशित गर्न तल्लीन रहेको देखिन्छ। यी पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू चार-पाँचवटा पुस्तकाकार रूपमा प्रकाशित गरिन सक्ने देखिए तापनि सङ्कलन गर्ने जोश र जाँगर बान्तवाले देखाएनन्। यद्यपि चेष्टा प्रकाशनद्वारा २०१२ मा मुक्तक, गीत र कविताहरूको सङ्कलन "घाइते समय र उद्बोधनका धुनहरू" प्रकाशित भएको पाइन्छ।

उनले ७० को दशकमा "मुना" हस्तलिखित पत्रिका प्रकाशित गरी मिरिक बस्ती, डुप्टिनमा साहित्यिक वातावरण सृजना गरेका हुन्। त्यसताक "मुना" पत्रिकामा प्रकाशित रचनाहरूलाई सङ्कलन गर्न साथै केही अतिथि साहित्यिक सर्जकहरूबाट रचना भेला गरी "आशिष" नाम दिएर त्रैमासिक पत्रिका सम्पादन गरेको पाइन्छ। त्यससमय मुद्रण र बजार व्यवस्थापनका अभावले उक्त पत्रिका दुई अङ्कसम्म मात्र प्रकाशित हुन सकेको देखिन्छ। मिरिक बस्ती, डुप्टिन न० १० बाट २००४ मा डल्ले भाई लेप्चा र कुशल घिमिरेको प्रयासमा 'चेष्टा' हस्तलिखित भित्ते पत्रिका प्रकाशित भएको पाइन्छ। 'मुना' जस्तै 'चेष्टा' भित्ते पत्रिकामा प्रकाशित रचनाहरूलाई मुद्रित रूपमा बान्तवाकै प्रधान सम्पादनमा पुनः 'आशिष' प्रकाशित भएको पाइन्छ।

पूर्ण बान्तवाले मिरिक बस्ती, डुप्टिनका अर्का एक विभूति स्व० हर्कबहादुर खेवा छापानाम महन्त हरिदासद्वारा लिखित 'केही पुराना कुरा सङ्क्षिप्त विवरण' को सम्पादन गरेको पाइन्छ। मिरिकको इतिहास मुखस्त भन्न सक्ने ९५ वर्षको लामो आयु बाँचेका महन्त हरिदासको अर्को कृति 'मेरो सङ्क्षिप्त जीवन कहानी' को पनि सम्पादन गरेका छन्। कवि, सम्पादक पवन राई 'नामदुग' द्वारा सङ्कलित सम्पादित 'महन्त हरिदास खेवा सङ्क्षिप्त परिचय' कृतिमा पनि पूर्ण बान्तवाले सहसम्पादन गरेको पाइन्छ। 'महन्त हरिदास खेवा सङ्क्षिप्त परिचय'

शिवमुक्तमणि पन्थीय धर्मावलम्बीका लागि मात्र नभएर नेपाली साहित्य अध्येता र शोधार्थीहरू समेतलाई काम लाग्ने बनेको छ।

**गीतकारका रूपमा पूर्ण बान्तवा**

बान्तवाले कविता र कथाबाहेक गीत लेखनमा कलम चलाएको देखन्छ। उनको गीत नेपाली सङ्गीत जगत्का लोकप्रिय गायक थुप्देन भोटियाले गाएका छन् -

नराख गाँठो मुटुमा रोएर फुकाऊ

नराख पीर त्यो छातीमित्र आँसुले बगाऊ।

अर्का चर्चित गायिकाद्वय कुन्ती मोक्तान र सुशीला सुब्बाको स्वरमा रहेको अर्को गीत यसप्रकार छ-

लोग्ने मान्छे साहै बैमानी हुन्छ

पैले पैले माया लाउँछ पछि सताउँछ।

यस्ता सुमधुर गीतका शब्दकार पूर्ण बान्तवाले आजसम्म ५० (रेकर्डिङ भएको) भन्दा ज्यादा गीत लेखिसकेका छन्। बान्तवाका गीतहरू पारस घिमिरे, विष्णु अधिकारी, चिन्तामणि राई, कुमार प्रधान, राकेश खालिङजस्ता सङ्गीतकारहरूले सङ्गीतबद्ध गरेका छन्। विशेषतः पारस घिमिरेले पूर्ण बान्तवाका प्राय गीतहरूमा सङ्गीत भरेका छन्। पूर्ण बान्तवाका गीतहरूमा आजसम्म थुप्देन भोटिया, कुन्ती मोक्तान, महेश सेवा, बालकुमार घिमिरे, दवामित लेप्चा, तीर्थमती सुब्बा, सरोज बान्तवा, भावना थापा, प्रणु राई, प्रभाकर सुब्बा, ग्रेसी राई, विष्णु अधिकारी, सुरक्षा सिञ्चुरी आदिले गाइसकेका छन्। 'तरङ्ग'(१९८८) र 'यो मनको कुरा'(२००३) गीति क्यासेट पूर्ण बान्तवा एवम् सङ्गीतकार पारस घिमिरेको संयुक्त उपलब्धि हो।

**कवि पूर्ण बान्तवाका साहित्यिक मान्यता र लेखन प्रवृत्ति**

पूर्ण बान्तवाका साहित्यिक साधनाले लगभग पचास वर्षको अवधि पार गरिसकेको छ। अविश्रान्त साहित्यिक यात्राका यात्री बान्तवाको २००५ मा 'घाइते समय र उद्बोधनका धुनहरू' कविता, गीत र मुक्तक सङ्ग्रह प्रकाशित भएको भेटिन्छ। चेष्टा प्रकाशनद्वारा प्रकाशित उक्त कृतिमा पच्चीसवटा कविता, बीसवटा गीत र एक्काइसवटा जति मुक्तक सङ्गृहीत छन्। साहित्यले समाजलाई परोक्ष रूपमा दिशानिर्देश गरिरहेको हुन्छ। सामाजिक, आर्थिक, सांस्कृतिक एवम् आध्यात्मिक क्षेत्रमा पनि साहित्यले दिशाबोध गरिरहेकै हुन्छ। साहित्य मानव मनको सौन्दर्यात्मक अभिव्यक्ति हो। मन निश्चल भावतरङ्गबाट साहित्यको सृजना हुन्छ। यसले भूत, वर्तमान र भविष्यसमेतको आँकलन गरेको हुन्छ। यसैले साहित्यलाई आत्मसात् नगरिँदा जीवन अधुरो र अपुरो लाग्दछ। आफ्ना जीवनलाई सार्थक तुल्याउन उनले साहित्यको बाटो रोजे। उनको लेखन आधुनिक वाद र सिद्धान्तहरूका जटिलतादेखि धेरै पर छ। साहित्यप्रतिको उनको धारणा सोझो र सरल छ। जसरी उनले जीवनलाई जिउने कलाका रूपमा स्वाकार्छन् त्यसै अर्थमा साहित्यलाई हेर्ने उनको दृष्टिकोण सरल र स्पष्ट छ। उनको कविता प्रतिको आस्था पनि उपर्लिखित धारणा मै निहित रहेको पाइन्छ। रचनाहरूमा बान्तवा सामाजिक सरोकार र प्रेमालापीय रङ्गदेखि बाहिर त्यति बुर्कुसी मार्न चाहेका छैनन्। यद्यपि मूलभूत रूपमा साहित्य सर्जक बान्तवाका साहित्य लेखन प्रवृत्तिलाई निम्नलिखित बुँदाहरूमा जोख्न र निफन्न सकिन्छ।

**कवितामा समाजिक चेतना**

पूर्ण बान्तवाको कविता कैरनको आधारभूमि वा विषयवस्तु गाउँ हो। बान्तवा गाउँका निकटतम पक्षधर देखिन्छन्। उनी आफ्नो समाजप्रति यति निष्ठावान् र आत्मलीन देखिन्छन् कि विश्व बजार र भूमण्डलीय उतारचढाउको सरोकार उनका कवितामा पाइन्न। सत्तापक्षीय अवहेलना गाउँ र किनारीकृत मान्छेहरूले वर्षौंदेखि भोग्दै आएका छन् र अझ भोग्ने छन्।

सगर्व मैले बाँचेको

एउटा अभिशप्त ठाउँ

एउटा अवहेलित नाउँ

यही हो मेरो प्यारो गाउँ।

.......

ज्वरो, खोकी

निमोनियादेखि क्यान्सरसम्मै

त्यो बूढो बिजुवामा निर्भर

यी अवहेलनाका उदाहरण हुन्।

.......

किसान

पसिनाले गर्छ जसले स्नान

खेतमा गर्छ पसिनाले सिञ्चन

तर फसलको कोही अन्यले तोक्ने गर्छ

मेहनती भो त के भो

फल सबै मेहनतको

कोही अरूले चाख्ने गर्छ।

किसानहरू परिश्रम गर्छन्। गाईवस्तु पाल्छन्। इस्कुस, अदुवा, सुन्तला रोप्छन्। उब्जिएका सागपात बेच्छन् तर भनेजसो बजारभाउ पाउँदैनन्। यद्यपि परिश्रमीहरूले जस्तै सङ्कट आइपरे तापनि गुनासो गर्दैनन्। हरेक उतारचढ़ावलाई सहर्ष स्वीकार गर्छन् ।

सल्काएर आगो बारीमा

हिउँदका याममा

उधिन्दै सक्खरखण्ड, पिंडालुहरू

अर्काकै अगेनामा पोली खाने

आँटी हामी थियौं।

कवि पूर्ण बान्तवा गाउँको सेरोफेरो, सङ्घर्ष, इतिहाससँग अवगत् छन्। माटो र यावत् कुराहरूसँग चलायमान छन्। त्यसो र उनका कविताहरूमा गाउँबस्तीमा सम्पन्न हुने ससाना कुराहरू टिपिएका छन्।

**प्रेमानुभूति**

विश्वासको फूलबारी उजाड़ेर

चुनौतीको झण्डा फरफराउँछ

तरै पनि

आफ्नो अटोग्राफभित्र समयले

विश्वास अविश्वास दुवै

हिफाजत गरेर राख्छ।

कवि बान्तवाले प्रेम विश्वासको प्रतिफल हो भन्ने मान्यता राखेको पाइन्छ। कवितामा प्रेम दर्शन विचार्दा भरोसाविहीन प्रेमको केही मूल्य नहुने निर्णय दिएको पाइन्छ। अविश्वासमा प्रेमको मृत्यु हुन्छ भन्दै बान्तवाले आफ्ना कविताहरूमा प्रेमलाई दुई प्रकारले प्रस्तुत गरेको पाइन्छ। ईश्वरीय प्रेम र वैसालु प्रेम।

तिम्रा कृपाहरू

तिम्रा अनुरागहरू

ममा छरिदेऊ बाबा

साईत्व शरण गच्छामि

बाबात्व शरण गच्छामि।

पूर्ण बान्तवा धार्मिकतामा आस्था राख्ने व्यक्तित्व भएका हुनाले पनि ईश्वरमा उनको अगाध प्रेम छ। एकाधिक कविता र गीत उनले ईश्वर आराधनामा रचेका पाइन्छन्। 'शरणागत्', 'यो जीवन' कवितालाई उत्कृष्ट उदाहरण मान्न सकिन्छ।

मृगनयनी आँखाहरूले सताऊ मलाई

दर्दहरूको दग्ध ज्वालामा जलाऊ मलाई।

.......

परेलीका ईशाराले बोलाऊ मलाई

ओठभरिका उष्णताले जलाऊ मलाई।

निष्कर्षतः प्रेममय जीवन नै सार्थक हुन्छ। प्रेममा विछोड़, धोका, आँसु, हाँसो, खुशी, प्रतीक्षा, यौन हुन्छन्। बान्तवाका कविताहरूमा प्रेममा हुने हरेक क्रियाकलाप निर्विरोध रूपमा समाविष्ट देखिन्छन्। यौनिक प्रेमानुभूतिलाई पनि कविले अक्षुण्ण राखेका छैनन्।

रात नै थियो तर जून साथ थियो

प्रेमालाप थियो र मीठो बात थियो

.......

आए गए ग्राहक कति तिमीजस्तो थिएन

ऐश गर्थे, दया गर्ने तिमीजस्तो थिएन

बान्तवा आफ्ना प्रेमानुनयमा सकारात्मक देखिन्छन्। यौनजन्य विषयमा कविता सिर्जे तापनि श्लीलता र अश्लीलताका पर्खाललाई भत्कन दिएकाछैनन्। यौनको सब्ल्याटो पक्ष र युवावस्थाका चाहनालाई आशा र ऊर्जाका हिसाबले कवितामा प्रस्तुत गरेका छन्।

**जातिप्रेम र राष्ट्रप्रेम**

स्वतन्त्रतोत्तर भारतीय नेपाली साहित्यमा जातीयताबोधका काव्यकृति भरमार पाउँछौं। जातीय उत्थान र राष्ट्रिय आस्तित्विक मागमा उर्लेका साहित्य सर्जकहरूमा पूर्ण बान्तवा पनि एक उल्लेखनीय नाम मान्न सकिन्छ।

एउटा नयाँ प्याकेज

थाहा छैन त्यसभित्र

के-कस्ता सहुलियतहरू

हस्ताक्षरित एवं मोहरयुक्त

भएका छन्।

.......

कि यसले पुरानै इतिहास

पुनः दोहोरयाउने हो कि...

भारतमा गोर्खाहरू स्वअस्तित्वका युद्धमा हारेको मात्र इतिहास छ। प्रत्येकपल्टको आन्दोलन इतिहासमा उल्लेख नै नहुने प्याकेज लिएर तुहिएको छ। केन्द्र सरकार र राज्य सरकारका जालझेलमा परी गोर्खा सधैं बिल्लवाठ बनेको छ। कवि बान्तवा तर अनेकानेकपल्ट तुहिएको युद्धमा पनि निराश बनेका छैनन्। कविलाई लाग्छ एक दिन गोर्खाल्याण्ड हुन्छ।

चार कोरी त नाघियो बाबै

मर्न पाए हुन्थ्यो

हुन्छै हुन्छ भन्छ गोर्खाल्याण्ड

हेर्न पाए हुन्थ्यो

एउटा झीनो आशा बोकेर हिंड्ने गोर्खाल्याण्डप्रेमी जनता जनार्दन लाखौं छन् भारतमा। एक कवि पनि हुन्। विकास, समृद्धि र उज्ज्वल भविष्यको कामना गर्दै कविले आफ्ना जातिवादी रङ्ग थुप्रै कविताहरूमा पोखेका छन् ।बान्तवाले देशप्रेममा आधारित कविताहरू पनि लेखेका छन्। देशका लागि सिमानामा बलिदान दिने वीर शहीद सुपुत्रहरू जन्माउने आमा कमानमा, बस्तीमा बजारमा परिवारका लागि परिश्रम गर्ने वीराङ्गना चेलीहरूमा समर्पित 'वीराङ्गना' कविता कवि देशप्रेम उजागर गरेको पाइन्छ । बान्तवा खरसाङ रेडियोका अनुमोदित गीतकार भएकाले पनि उनले आफ्ना प्राय गीतहरू देशको महिमाका लागि रचना गरेको पाइन्छ।

जीवनचेत

यो जीवन त सुखै सुखको

फूलबारी नै कहाँ हो र

यो जीवन त दुःखै दुःखको

काँडाघारी पनि कहाँ पो र!

जीवनको सार्थकता सकारात्मक सोच र परोपकार मान्ने बान्तवाका एकाधिक कविताहरू जीवन दर्शन आधारित रहेको पाइन्छ। तर उनको जीवनप्रतिको बुझाइ धार्मिक र बौद्धिक दर्शन किसिमको छैन । साधारणत सरल जीवन शिष्ट जीवन र सधैं बाँच्नुपर्छ। एवम् अरूलाई हियाएर शोषण गरेर फाइदा छैन भन्ने किसिमको उनको कवितीय जीवन दर्शन पाइन्छ।

विषयवस्तु चयन एवम् प्रस्तुतिमा केही लचिलोपनका कारण मूलधारामा नदेखिए तापनि बान्तवाका कवितालाई चिन्हारी सङ्ग्राममा नगण्य मान्न सकिँदैन। उनको काव्यिक प्रक्षेपण सीमित देखिन्छ तापनि उनको साहित्य सेवा नै किनारीकृत बनेकाले पनि मूलधारामा नआएको मान्न सकिन्छ। इन्द्रबहादुर राई, ईश्वरवल्लभ र वैरागी काइँलाकृत तेस्रो आयामका प्रभावलाई नै साहित्य मानिने समय पनि थियो। यो तेस्रो आयामका हुरीमा कति साहित्य सर्जक सँगै बहन सके भने कति छोड़िए। छोड़िएकाहरूलाई मूलधारामा गनिएन। यस नगनिएकामा पूर्ण बान्तवा पनि एक हुन्। अर्को कुरा पूर्ण बान्तवाले सही समयमा आफ्नो काव्यकृति प्रकाशित गर्ने जमर्को पनि गरेनन् र उनको मूल्याङ्कन नभएको मान्न सकिन्छ। सरल र सहज प्रस्तुति नै उनको काव्यिक विशेषता हो।

सन्दर्भ ग्रन्थ सुचि

1. वान्तवा, पूर्ण,घाइते समय र उद्बोधनका धुनहरू,चेष्टा प्रकाशन, मिरिक, इ सं २०१२
2. घिमिरे, कुशल , पूर्ण वान्तवाका कथाहरू, चेष्टा प्रकाशन,इ सं २०२२
3. वान्तवा, पूर्ण, आशिष, सामायिक साहित्यक पत्रिका, चेष्टा प्रकाशन, अङ्क १, इ सं २००५